पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ५ पोखरा खण्ड : ५५ प्रमाणित मितिः २०७८ माघ २६ गते

## भाग २

## पोखरा महानगरपालिका खेलकुद संचालन खर्च निर्देशिका, २०७८

# पोखरा महानगरपालिका खेलकुद संचालन खर्च निर्देशिका, २०७८

**प्रस्तावना** : पोखरा महानगर भित्र खेलकुद सम्वन्धी विविध गतिविधिलाई संचालन, रेखदेख, व्यवस्थापन, खेलकुद सम्वन्धि पूर्वाधार निर्माण, खेलकुद मार्फत स्वास्थ्य जीवन एवं मनोरञ्जन प्रदान गर्ने, खेलाडीहरूको व्यवसायिक हकहित संरक्षण गर्ने र खेलको माध्यमवाट पोखरालाई पहिचान दिने मुख्य ध्येयका साथ पोखरा महानगरपालिकाले नगर खेलकुद विकास समिति गठन गरी आफ्नो कार्य अगाडी वढाइरहेको र कार्य संचालन गर्दा खेलकुदको कार्य प्रकृतिका आधारमा रेफ्री, सहायक रेफ्री, स्वयम सेवक, प्राविधिक, कार्यक्रम संयोजक, खेलाडीको यातायात खर्च लगायतका विभिन्न कार्यमा खर्च भुक्तानी गर्नुपर्दा निश्चित नर्म्स नभएको र खर्च प्रकृयालाई व्यवस्थित गर्न वाञ्छनीय रहेको हुँदा पोखरा महानगरपालिका खेलकुद विकास ऐन, २०७५ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका कार्यपालिकाको बैठकबाट पारित गरि जारी गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :–**

क) यो निर्देशिकाको नाम पोखरा महानगरपालिका खेलकुद संचालन खर्च निर्देशिका २०७८" रहने छ ।

ख) यो निर्देशिका राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुने छ।

२. **परिभाषा** – विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "**ऐन**" भन्नाले "पोखरा महानगरपालिका खेलकुद विकास ऐन २०७५" लाई सम्झनुपर्दछ ।

ख) "**अध्यक्ष**" भन्नाले ऐनको दफा ३ अनुसार गठित विकास समितिको अध्यक्षलाई सम्झनुपर्दछ ।

ग) "खेलकूद सम्बन्धी संस्था" भन्नाले ऐनको दफा १३ वमोजिम दर्ता भएका संस्था सम्झनुपर्दछ ।

घ) **"सदस्य सचिव"** भन्नाले ऐनको दफा-३ बमोजिम महानगर खेलकूद विकास समितिको सदस्य सचिवलाई सम्झनुपर्दछ ।

३. **उद्देश्य** - यो निर्देशिकाको उद्देश्य देहाय अनुसार हुनेछ :-

क) पोखरा महानगरपालिका, खेलकूद विकास समितिले संचालन गर्ने खेलकुदमा खेल सम्बन्धी जिम्मेवारी प्रदान गरिएका रेफ्री, सहायक रेफ्री, एम्पायर, लायन्समेन, खेलाडी लगायतका भत्ता, खाजा खाना लगायतका खर्चलाई व्यवस्थित गर्न र खर्च गर्दा पारदर्शिता एवं एकरुपता प्रदान गर्ने,

ख) खेलकुद विकास समितिले संचालन गर्ने कार्यमा प्राविधिक जनशक्तिको पारिश्रमिक निर्धारण गर्ने,

## परिच्छेद - २
## पारिश्रिमक सम्बन्धी व्यवस्था

महानगर खेलकुद विकास समितिले संचालन गर्ने खेलकुदको प्राविधिक जनशक्तिको पारिश्रमिकको व्यवस्था गर्ने सम्बन्धमा,

**क) मुख्य रेफ्रीको पारिश्रमिकः-** पोखरा महानगरपालिकाबाट खेलकुद प्रतियोगिता संचालन गर्दा राष्ट्रिय एवं प्रादेशिक, जिल्लास्तरमा कम्तिमा १० वर्ष सम्वन्धीत खेल सम्वन्धी अनुभव प्राप्त गरेका रोष्टर सूचिका खेलाडीलाई रेफ्री मनोनयन गरिने छ । मनोनित मुख्य रेफ्रीले प्रतिदिन रु.३,०००।- पारिश्रमिक वापतमा र खाना, खाजा र यातायात खर्च वापत रु.७००।- प्रदान गर्न सकिनेछ ।

**ख) सहायक रेफ्रीको पारिश्रमिकः-** खेलको प्रकृति र नियम अनुसार सहायक रेफ्रीमा स"चीकृत रोष्टरबाट नै मनोनित गरिने छ । निजलाई प्रतिदिन रु.२०००।- पारिश्रमिक र रु.७००।- खाना,

खाजा र यातायात खर्च वापत भुक्तानी दिन सकिनेछ ।

ग) लाइन्समेनको पारिश्रमिकः- (१) भलिवल, फुटवल, ब्याडमेन्टन लगायतका खेलमा मुख्य रेफ्रीलाई सहयोग गर्नका लागि लाईन्समेनको नियुक्ति गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्तिलाई समेत दैनिक रु.१०००।- पारिश्रमिक वापत र दैनिक ७००।- खाना, खाजा र यातायात खर्च वापत भुक्तानी दिन सकिनेछ ।

**घ) स्वयम सेवकको पारिश्रमिकः-** खेलकूद संचालन गर्दा पानी, खाजा, खेल सामाग्री तथा खाजा, पानी वापतका सहयोग गर्नका लागि खेलको प्रकृति र आवश्यकता अनुसार स्वयम् सेवक खटाउँदा यातायात, खाना खाजा वापत प्रतिदिन प्रति व्यक्ति रु.१०००।- का दरले प्रदान गर्न सकिनेछ ।

**ङ) प्राविधिक सहयोगीको पारिश्रमिकः-** महानगरको प्रतिनिधित्व हुने गरी विभिन्न खेलकूदमा भाग लिन जादाँ खेलाडीलाई पूर्व तयारी गराउन नगर खेलकूद विकास समतिको निर्णय अनुसार खटाइएका कोच, प्रशिक्षक र व्यवस्थापक लगायतका प्राविधिक जनशक्तिलाई खेलको प्रकृति अनुसार वढीमा १५ दिन सम्मको लागि प्रतिदिन रु.३०००।- पारिश्रमिक वापत र खाना खाजा, यातायात वापत प्रतिदिन रु.३००।- का दरले प्रदान गर्न सकिने छ ।

**च) खेलाडीको दैनिक भ्रमण भत्ता सम्वन्धी सुविधाः-** पोखरा महानगर को प्रतिनिधित्व हुने गरी महानगर खेलकूद विकास समितिको निर्णय अनुसार विभिन्न जिल्ला स्तरीय, प्रदेश र एवं राष्ट्रिय स्तरका खेलमा सहभागी हुने खेलाडीहरूलाई आउँदा-जाँदा एक पटकमा वढीमा ७ दिन सम्म दैनिक रु.१५००/- का दरले दैनिक भ्रमण भत्ता खर्च वापत पाउने छ । प्रशिक्षक प्रशिक्षार्थी खेलकुद ड्रेस वापत वढिमा रु.२०००।- सम्म प्रति व्यक्ति खर्च गर्न सकिने छ ।

## परिच्छेद–३
## सदस्य सचिव सम्बन्धि व्यवस्था

**क) सदस्य सचिवको सेवा शर्त र सुविधाः**

सदस्य सचिवको योग्यता, काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :

क) सदस्य सचिवको योग्यताः

ऐनको दफा ७ को उपदफा १ को खण्ड क, ख, ग, घ, ङ बमोजिमको योग्यता पुगेको ।

ख) सदस्य सचिवको पारिश्रमिक र सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्थाः

सदस्य सचिवको पारिश्रमिक र सेवा शर्त र सुविधा व्यवस्था पोखरा महानगरपालिका अधिकृत स्तर छैटौं तहमा कर्मचारीले पाउने शर्त र सुविधा सम्वन्धी व्यवस्था वमोजिम हुनेछ । निजले नियुक्ति भएको मिति देखि तलब एवं वार्षिक रुपमा चाडबाड खर्च पाउनेछ।

## परिच्छेद–४
## विविध

क) यस निर्देशिका कार्यान्वयन गर्दा आर्थिक असर पर्ने गरी हुने निर्णय गर्नु पूर्व पोखरा महानगरपालिका कार्यपालिकाको स्विकृती लिनु पर्नेछ ।

ख) यस निर्देशिका मा लेखिएका कुरा यसै वमोजिम र यस वाहेकका कुरामा ऐन वमोजिम हुनेछ ।

ग) पोखरा महानगर खेलकुद विकास समितिको अनुसुची २ मा उल्लेख भए वमोजिम आफ्नो छुट्टै छाप हुनेछ ।

घ) यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो

को वाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ ।

## अनुसुचि–१

### खेलकुद विकास समितिको छाप निम्नानुसारको हुनेछ ।

प्रकाशन मिति : २०७८ माघ २६ गते

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत